# धनकुटा क्याम्पस बुलेटिन

# Dhankuta Campus Bulletin

## धनकुटा बहुमुखी क्याम्पस, धनकुटा

वर्ष ०२ | २०८१ कात्तिक - चैत्र | अङ्क ०४









*धनकुटा बहुमुखी क्याम्पसको स्थानीय आयोजनामा संचालित "Academic discourse on migration and development : Migration in Koshi province. विषयक एक दिवसीय शैक्षिक अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।*

### माइग्रेसन सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न

ध.ब.क्या पौष ५ गते ।

२०८१ साल पौष ५ गतेका दिन धनकुटा बहुमुखी क्याम्पसको आयोजनामा 'एकेडेमिक डिस्कोर्स अन माइग्रेसन एण्ड डेभलपमेन्ट' सम्बन्धी एक दिवसीय गोष्ठी सञ्चालन भएको थियो। क्याम्पस प्रमुख सह-प्राध्यापक श्री होम बहादुर बस्नेतको अध्यक्षता र नगरप्रमुख श्री चिन्तन तामाङको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम सञ्चालन भएको थियो। शिक्षा संकायका सहायक क्याम्पस प्रमुख उप-प्रा. डा.श्यामप्रसाद वाग्लेद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रममा त्रि.वि. सह- प्राध्यापक डा. पदम खतिवडाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा जिल्लामा सक्रिय विभिन्न राजनैतिक संगठनका प्रतिनिधि, मानव अधिकार एलायन्स, गै.स.स. महासङ्घ हुसाडेक नेपाल, सल्भ नेपाल लगायत विभिन्न उच्च माविका प्रमुखहरू र क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि चिन्तन तामाङले विदेशबाट फर्केकालाई नगरपालिकाबाट राहतका केही कार्यक्रमहरू सञ्चालन गर्दै आएको र आफ्नो अनुभवमा उक्त कार्यलाई रोक्न चाहेर पनि रोक्न नसकिने कुरा बताउनुभएको थियो। त्यस्तै कार्यपत्र प्रस्तोता सह-प्राध्यापक डा. पदम खतिवडाले यस्तो अवस्थामा सरकारको जनसङ्ख्या नियन्त्रण जस्ता कार्यले त्रि.बि को अवस्था शून्य हुन सक्ने खतरा समेत औल्याउनु भएको थियो ।





## स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन, २०८१ सम्पन्न

ध.ब.क्या. चैत्र ६ गते ।

धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा २०८१ चैत्र ६ गते २ वर्ष कार्यकालको लागि स्वनन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न भएको थियो । विद्यार्थीहरूको हक हितको लागि त्रिभुवन विश्वविद्यालयले नियमित रुपमा गर्ने निर्वाचनमा यस पटक यस क्याम्पसमा निर्वाचनलाई स्वस्थ्य, प्रतिस्पर्धात्मक र निष्पक्ष रुपमा सम्पन्न गर्न गरेको कार्यतालिका बमोजिम निर्वाचनको कार्यतालिका प्रकाशित गरी तोकिएको प्रक्रिया बमोजिम निर्वाचनको कार्यक्रमहरू सञ्चालन गरिएको थियो । निर्वाचन समितिद्वारा तोकिएको मिति र समय भित्र दर्ता हुन आएको सङ्घ, सङ्गठन र समूहहरूमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, नेपाल विद्यार्थी संघ, अखिल (क्रान्तिकारी), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन र प्राज्ञिक विद्यार्थी परिषद, नेपाल रहेका थिए ।

१९ सदस्यीय स्वतन्त्र विद्यार्थी युनियनको विद्यार्थी संघका रञ्जन कार्की रहेका थिए भने प्रत्यक्ष तर्फका सदस्यहरूमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका मुस्कान राई र विनिता राई, नेपाल विद्यार्थी सङ्घका सौरभ रिमाल, सुशीला तामाङ्ग र ईश्वर बहादुर खड्का साथै अखिल (क्रान्तिकारी) का पूर्णिमा राई र कृष्ण बहादुर मगर रहेका थिए ।त्यस्तै सामानुपातिक सदस्यहरू तर्फ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका दिप्सन तामाङ्ग, उज्वल गुरागाईं, दिलिप पौडेल र स्मारिका काफ्ले साथै नेपाल विद्यार्थी सङ्घका



*नवनिर्वाचित स्वतन्त्र विद्यार्थी युनियनका पदाधिकारी तथा सदस्यहरू र जिल्ला स्तरिय विद्यार्थी सङ्घ सङ्गठनका प्रमुखहरूसँग सामुहिक फोटो खिचाउनु हुँदै क्याम्पस प्रमुख सह-प्रा. होम बहादुर बस्नेत ।*

मानविकी तथा समाजशास्त्र सङ्कायका सहायक क्याम्पस प्रमुख उप-प्रा. कृष्ण गोविन्द अधिकारीको संयोजकत्वमा ११ सदस्यीय निर्वाचन समिति गठन भएको थियो । सो गठन भएको समितिमा शिक्षाशास्त्र सङ्कायका सहायक क्याम्पस प्रमुख उप-प्रा. डा. श्याम प्रसाद वाग्ले, विज्ञान अध्ययन संस्थानका सहायक क्याम्पस प्रमुख उप-प्रा सूर्यदेव प्रसाद यादव, उप-प्रा. डा. यज्ञ प्रसाद गुरागाई, उप-प्रा. सन्तनु पोखेल, उप-प्रा. ज्ञानेन्द्र यादव, शिक्षण सहायक उद्धव बहादुर कटुवाल, शिक्षण सहायक रमेश श्रेष्ठ र सदस्य सचिवमा उप-प्रा. काशीनाथ कट्टेल रहनु भएको थियो ।

निर्वाचन समितिले स्वविवु निर्वाचन निर्देशिका, २०८१ बमोजिम केन्द्रले जारी निर्वाचनमा प्रत्यक्ष निर्वाचन तर्फ अध्यक्ष, सचिव, कोषाध्यक्ष र ७ जना सदस्यहरू साथै समानुपातिक तर्फ सङ्घ, सङ्गठन र समूहबाट १० सदस्यहरूको निर्वाचन सम्पन्न गर्नु पर्ने अवस्थामा निर्धारित समयतालिका अनुसार तोकिएको पद र सदस्य सङख्यामा मात्र मनोनयनपत्र दर्ता भई सबै पदाधिकारी तथा सदस्यहरू निर्विरोध निर्वाचित भएका थिए । यसरी सर्वसम्मत रुपमा निर्विरोध निर्वाचित हुने वातावरण बनाउन क्याम्पसमा क्रियाशिल सङ्घ र सङ्गठनहरूले भुमिका खेलेका थिए जसमा क्याम्पस प्रशासनद्वारा सहजीकरण भएको थियो । यसरी निर्विरोध निर्वाचित हुनेमा अध्यक्षमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका युवा तिम्सिना, सचिवमा नेपाल विद्यार्थी संघका मिलन बुढाथोकी, कोषाध्यक्षमा नेपाल सुवास खनाल, रेनुका मगर र सुनीता पौडेल र अखिल (क्रान्तिकारी)का विपिनराज थापा र टीका खड्का रहेका थिए ।

स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन, २०८१ को प्रयोजनको लागि गठित निर्वाचन समितिबाट मिति २०८१/११/२९ गते प्रत्यक्ष तर्फको पदाधिकारी र सदस्यहरू र समानुपातिक तर्फका सदस्यहरूको निर्वाचन परिणामका घोषणा गरिएको थियो । प्रत्यक्ष तर्फको पदाधिकारी र सदस्यहरू र समानुपातिक तर्फका सदस्यहरूको निर्वाचन परिणामका आधारमा स्वतन्त्र विद्यार्थी युनियन, धनकुटा बहुमुखी क्याम्पसको मिति २०८१/१२/०५ गते बसेको बैठकको निर्णय अनुसार समानुपातिक तर्फबाट निर्वाचित श्री सुवास खनाललाई उपाध्यक्ष पदमा र श्री विपिनराज थापालाई सहायक

सचिव पदमा सर्वसम्मत रूपमा निर्वाचित गरेका थिए ।

## नमूना परीक्षा सञ्चालन

ध.व.क्या., कार्तिक १३ गते ।

धनकुटा बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको आयोजना र विद्यार्थी कल्याण समितिको संयोजकत्वमा २०८१ मंसिर १३ गते शिक्षा सेवाको लागि नमुना परीक्षा सञ्चालन गरिएको थियो उक्त परीक्षामा क्याम्पस प्रमुख सह - प्राध्यापक होमबहादुर बस्नेत, विद्यार्थी कल्याण प्रमुख काशीनाथ कट्टेल र स्ववियु सचिव सुभाष खनालको उपस्थिति रहेको थियो। उक्त परीक्षामा १०० भन्दा बढी विद्यार्थीहरूको सहभागिता रहेको थियो। परीक्षामा सहजीकरण स्वतन्त्र विद्यार्थी युनियन र क्याम्पसका प्राध्यापकले गर्नुभएको थियो उक्त कार्यक्रमले परीक्षामा लेख्ने क्षमता र योजना बनाउने कलाको विकासमा सहयोग पुग्ने देखिन्छ।



*नमुना परीक्षामा सहभागीहरू ।*

## अभिमुखी कार्यक्रम सम्पन्न

ध. ब. क्या., मङ्सिर ७ गते ।

धनकुटा बहुमुख क्याम्पस धनकुटाले मिति २०८१ मङ्सिर ७ गतेका दिन सबै संकायका प्रथम वर्षमा अध्ययनरत विद्यार्थी हरूको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। क्याम्पस प्रमुख सह —प्रा. श्री होमबहादुर बस्नेत ज्यूले अध्यक्षता गर्नुभएको उक्त अभिमुखीकरण कार्यक्रममा धनकुटा बहुमुखी क्याम्पस धनकुटामा शैक्षिक वर्ष २०८१- ८४ समूहका प्रथम वर्षमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरूको सहभागिता रहेको थियो साथै विभिन्न संकायका सहायक क्याम्पस प्रमुख, वि॰वि॰यस संयोजक, वि॰विए॰ संयोजक सबै विभागीय प्रमुख र प्राध्यापक गरी जम्मा ५४ जनाको सक्रिय सहभागिता रहेको थियो ।

## न्यानो कपडा वितरण

ध.ब.क्या., पौष ७ गते ।

धनकुटा बहुमुखी क्याम्पस वि॰वि॰ए संकायद्वारा मिति २०८१ पौष ७ गते का दिन मार्गेश्वरी आधारभूत प्राथमिक विद्यालय धनकुटा- ४ मा अध्ययनरत ३४ जना अपाङ्ग विद्यार्थीहरूको लागि " लक्षित समुदाय सहायता कार्यक्रम" अन्तर्गत न्यानो कपडा र स्टेसनरी सामग्रीहरु वितरण गरेको छ।



*कार्यक्रममा सहभागीहरू ।*

उक्त कार्यक्रममा वि॰वि॰ए संयोजक सन्तोष श्रेष्ठ, प्रबुद्ध पोखरेल र सुजता राई लगायत वि॰वि॰ए का विद्यार्थीहरूको सहभागिता रहेको थियो।

## सरसफाई कार्यक्रम संचालन

ध.ब.क्या. पौष, ८ गते ।

धनकुटा बहुमुखी क्याम्पस धनकुटामा नेचर (Nature Club) क्लकका संयोजक श्री संगीता श्रेष्ठको संयोजकत्वमा मिति २०८१साल पौष ६ गतेका दिन क्याम्पस परिसर भित्र रहेका विभिन्न जातका फूल तथा अन्य वृक्षहरूको गोडमेल तथा सिचाई गर्ने कार्यक्रम गरियो। क्याम्पसको स्वच्छ र सुन्दर वातावरण निर्माण गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रममा क्याम्पस प्रमुख सह - प्राध्यापक श्री होमबहादुर बस्नेत,सहायक क्याम्पस प्रमुखहरू डाक्टर श्यामप्रसाद वाग्ले, उपप्राध्यापक कृष्ण गोविन्द अधिकारी र विद्यार्थी कल्याण प्रमुख काशीनाथ कट्टेल लगायत २१ जनाको उपस्थिति रहेको थियो



*क्याम्पस हाताभित्र सरसफाई कार्यक्रम संचालन गर्नुहुदै सहभागीहरू ।*

## क्याम्पसको साधारणसभा सम्पन्न

ध.ब.क्या., पौष ७ गते ।

धनकुटा बहुमुखी क्याम्पसको साधारण सभा सम्पन्न भएको थियो । क्याम्पस प्रमुख सह-प्राध्यापक होमबहादुर बस्नेतको अध्यक्षतामा बसेको साधारणसभा शिक्षाशास्त्र सङ्कायका सहायक क्याम्पस प्रमुख उप-प्रा. डा. श्यामप्रसाद वाग्लेज्यूले संचालन गर्नु भएको थियो । यस सभाले विश्वविद्यालय अनुदान आयोग (University Grant Commission (UGC) मार्फत् यस क्याम्पसलाई शैक्षिक गुणस्तर सुनिश्चितताको प्रत्याभूत गराउने प्रक्रियामा सामेल गराई गुणस्तर सुनिश्चितता प्रमाणपत्र प्रदान गर्न आगामी दिनहरूमा क्याम्पसबाट हुने गतिविधिहरूमा सबै सरोकारवालाहरूको योगदान हुनुपर्ने कुरामा जोड दिइएको थियो । उक्त सभामा क्याम्पसबाट संचालन हुने नियमित परीक्षालाई कसरी संचालन गर्ने सम्बन्धमा समेत छलफल समेत गरिएको थियो । सभामा गुणस्तर सुनिश्चितता तथा



*साधारणसभामा सहभागी प्राध्यापक तथा कर्मचारीहरू ।*

प्रत्यायन प्राप्तिका लागि गरिएका विभिन्न कार्यहरूको बारेमा जानकारी गराईएको थियो । यसै गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधारका निमित्त आन्तरिक परीक्षा सञ्चालनका लागि गरिनु पर्ने आवश्यक कार्यहरू प्रश्नपत्र निर्माण, समय तालिका प्रकाशन, निरीक्षक व्यवस्था, परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण र नतिजा प्रकाशनमा शिक्षक एवम् कर्मचारीहरू बीच छलफल गरी प्राप्त पृष्ठपोषणका आधारमा परीक्षाका साथै आन्तरिक मूल्याङ्कन गरिने सम्बन्धमा समेत निर्णय गरिएको थियो ।

## रक्तदान कार्यक्रम सम्पन्न

ध.व.क्या. पुष १ गते ।

धनकुटा बहुमुखी क्याम्पस धनकुटामा "समुदाय सहयोगको लागि रक्तदान कार्यक्रम" सञ्चालन भएको छ। क्याम्पस प्रमुख सहप्राध्यापक श्री होमबहादुर बस्नेतज्यूको अध्यक्षतामा सञ्चालन गरिएको उक्त कार्यक्रम धनकुटा बहुमुखी क्याम्पस विद्यार्थी कल्याण समिति, स्वतन्त्र विद्यार्थी युनियन, एल्मुनाई एसोसिएसनको संयुक्त आयोजना र जिल्ला रेडका सुनसरीको समन्वयमा सञ्चालन गरिएको थियो उक्त कार्यक्रममा जिल्ला रेडक्रस सोसाइटी सुनसरीबाट प्राविधिक सहयोग भएको थियो उक्त कार्यक्रममा क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थी गरी जम्मा ५१ जनाको सहभागिता रहेको थियो। रक्तदान गर्नुहुने महानुभावहरूलाई आयोजकको तर्फबाट आवश्यक पर्ने रोगी, घाइते र समस्याग्रस्त व्यक्तिहरुलाई रगत आपूर्तिमा टेवा पुग्ने देखिन्छ।



*कार्यक्रममा रक्तदान गर्नुहुदैं प्राध्यापक तथा विद्यार्थीहरू ।*

## अनुगमन सम्पन्न

ध.ब.क्या., मंसिर २३ गते ।

त्रि. बि. व्यवस्थापन सङ्कायका आदरणीय डिन प्रा.डा. डिल्लिराज शर्माज्युद्वारा धनकुटा क्याम्पसमा अनुगमन सम्पन्न भयो । अनुगमनको क्रममा प्रा.डा. डिल्लिराज शर्माज्यूले व्यवस्थापन सङ्कायको BBS कार्यक्रमको कक्षा संचालन र BBA कार्यक्रमको कक्षा संचालन तथा अन्य गतिविधिहरूको अनुगमन गर्नु भएको थियो । सो सो अनुगमन कार्यक्रममा क्याम्पस प्रमुख सह-प्रा. होम बहादुर बस्नेत, BBS कार्यक्रमका संयोजक सोम प्रसाद भण्डारी, BBA कार्यक्रमका संयोजक सन्तोष श्रेष्ठ तथा शिक्षण सहायक खगेन्द्र प्रधान र चिरञ्जिवी भट्टराईको उपस्थिति रहेको थियो ।



*अनुगमनपछि सामुहीक फोटो लिनुहुदैं ।*

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

ध .ब .क्या फागुन २१ गते

२०८१साल फागुन २१ गतेका दिन क्याम्पसको अनुगमनका क्रममा पाल्नुभएका त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर केशरजङ बरालज्यूको उपस्थितिमा क्याम्पसको आर एम सी कक्षमा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो। क्याम्पस प्रमुख सहप्राध्यापक श्री होमबहादुर बस्नेतको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका सदस्य पूर्व माननीय श्री गोपाल गुरागाई लगायत सबै संकायका सहायक क्याम्पस प्रमुख,विभागीय प्रमुख, क्याम्पसका प्राध्यापक, कर्मचारी, स्व.वि.यु प्रतिनिधि लगायत ३५ जनाको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतले क्याम्पसका सम्पूर्ण गतिविधिहरू प्रस्तुत गर्नुभएको थियो भने उपप्राध्यापक शिक्षण सहायक तथा आन्तरिक करारका प्राध्यापक ज्यूहरूले आ-आफ्ना समस्याहरू प्रस्तुत गरिसक्नुभएपछि उपकुलपति बरालले क्याम्पसको अनुगमन,अवलोकन, निरीक्षण गरी भावी दिनका लागि मार्ग निर्देशन समेत गर्नुभएको थियो।



*कार्यक्रममा त्रि.वि. उपकुलपति प्रा. डा. श्री केशरजङ बरालज्यूले सहभागिहरुलाई निर्देशन दिनुहुदैं ।*

## स्ववियु निर्वाचन, २०८१ घोषणा

ध.ब.क्या. चैत्र ६ गते ।

धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन, २०८२ मा निर्विरोध निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई प्रमाणपत्र वितरणको कार्यक्रम सम्पन्न भएको थियो । निर्धारित पद सङख्या बराबर मात्र उम्मेदवारी दर्ता भएको कारण निर्विरोध निर्वाचित भएको घोषणा गर्न संचालित उक्त कार्यक्रम स्ववियु

निर्वाचन समितिका संयोजक उप-प्रा. कृष्णगोविन्द अधिकारीको अध्यक्षतामा विद्यार्थी कल्याण समितिका प्रमुख उप-प्रा. काशिनाथ कट्टेलले संचालन गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि क्याम्पस प्रमुख सह-प्रा. होम बहादुर बस्नेत, अतिथिमा शिक्षाशास्त्र सङ्कायका स.क्या.प्रमुख उप-प्रा. डा. श्यामप्रसाद वाग्ले, ने.क.पा.(एमाले) प्रतिनिधि अर्जुन छाराहाङ्ग, नेपाली काँग्रेस प्रतिनिधि रोषन श्रेष्ठ र क्याम्पस प्रशासनको कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा विजयी उम्मेदवारहरूको घोषणा गरी क्याम्पस प्रमुखद्वारा सबै पदाधिकारी तथा सदस्यहरूलाई प्रमाणपत्र वितरण गरी शुभकामना दिनु भएको थियो कार्यक्रमको अन्त्यमा अध्यक्ष कृष्णगोविन्द अधिकारीले धन्यवाद मन्तव्य सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।



*कार्यक्रममा प्रमाणपत्र वितरणपछि सामुहीक फोटो खिचाउँदै ।*

## अभिमुखीकरण कार्यक्रम सम्पन्न

ध. ब. क्या., चैत्र १८ गते

मिति २०८१/११/१८ गतेका दिन धनकुटा बहुमुखी क्याम्पस धनकुटामा जनसङ्ख्या शिक्षा चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरूको लागि एक दिवसीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। जनसङ्ख्या तथा स्वास्थ्य शारीरिक शिक्षा विभागको आयोजनामा वि.एड चौथो वर्षको जनसङ्ख्या शिक्षा अन्तर्गतका pop - ४४६, ४४९ र ४४५ विषयको अभिमुखीकरण गरिएको थियो ।उक्त कार्यक्रम विभागीय प्रमुख उप-प्राध्यापक शन्तनु पोखरेल,उप-प्राध्यापक केवलराम पराजुली, शिक्षण सहायक मेनुका कार्कीको उपस्थितिमा सम्पन्न भएको थियो। विशेष आमन्त्रितको रूपमा रहनुभएका शिक्षा संकायका सहायक क्याम्पस प्रमुख उप-प्राध्यापक डा. श्यामप्रसाद वाग्ले र विद्यार्थी कल्याण प्रमुख उप-प्राध्यापक काशीनाथ कट्टेल लगायत १०२ जना विद्यार्थीहरूको सक्रिय उपस्थिति रहेको थियो।

## अभिमुखी कार्यक्रम सम्पन्न

ध.व.क्या., चैत्र २७ गते

मिति २०८१ १२ २७ गते धनकुटा बहुमुखी क्याम्पस धनकुटामा जनसङ्ख्या शिक्षा तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूको लागि एक दिवसीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । जनसङ्ख्या तथा स्वास्थ्य शारीरिक विभागको आयोजनामा सञ्चालन गरिएको उक्त अभिमुखीकरण कार्यक्रममा वि.एड तेस्रो वर्षको जनसङ्ख्या विषय अन्तर्गत जनसङ्ख्या शिक्षा शिक्षण विधि pop-४३२ र ४३९ विषयको प्रयोगात्मक कार्यको अभिमुखीकरण गरिएको थियो। उक्त कार्यक्रममा विशेष आमन्त्रितको रूपमा रहनुभएका शिक्षा संकायका सहायक क्याम्पस प्रमुख उप-प्राध्यापक डाक्टर श्यामप्रसाद वाग्ले र विद्यार्थी कल्याण प्रमुख उप-प्राध्यापक काशीनाथ कट्टेल लगायत ८२ जना विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको थियो।



*अभिमुखीकरण कार्यक्रम संचालन गर्नुहुदै विभागिय प्रमुख उप-प्रा. सन्तनु पोखरेल ।*


**<u>प्रकाशक</u>**

**धनकुटा बहुमुखी क्याम्पस, धनकुटा**

**इ-मेल : dktcampus@gmail.com**

**वेबसाइटः www.dhmc.tu.edu.np**

**सम्पादन मण्डल**

**संयोजकः उप-प्रा. श्री कृष्ण गोविन्द अधिकारी**

**सदस्यः शिक्षण सहायक श्री उद्दव कटुवाल**

**सदस्यः शिक्षण सहायक श्री रमेश श्रेष्ठ**